सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८

कर्णाली प्रदेशको पहिलो दैनिक

काँक्रेविहार

Kankrebihar National Daily

राष्ट्रिय दैनिक

❐ वर्ष : २५ ❐ अंक : १२६ ❐ मंगलवार, ५ फागुन, २०८२ ❐ Tuesday, 17 Feb. 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०

प्रकाशकीय

चुनौतिका चाङ्मा ब्रोसिटको यात्रा

कर्णालीको पहिलो दैनिक पत्रिकाका रूपमा काँक्रेविहार दैनिकले यात्रा सुरू गरेर ढाई दशक पारगर्दै गर्दा अझै जोखिम मोल्ने दिन सकिएका छैनन् । काँक्रेविहार मिडिया प्रा.लि.द्वारा प्रकाशित यो पत्रिका राष्ट्रिय स्तरको 'ख' वर्गमा सूचीकृतसँगै हामी आजबाट ब्रोसिट आकारमा प्रकाशनको सुरूवात गरेका छौ । यो कार्यसँगै चुनौति थपिएका छन् । विगतमा सशस्त्र द्वन्द्व, विभिन्न आन्दोलन, ठूला भूकम्प, कोभिड-१९ हामीले खेप्यौं । यो समयमा हामीले अन्य क्षेत्रले जस्तै ठूलो आर्थिक संकट पनि व्यहोर्नु पऱ्यो । तथापि हामीले जनतालाई सु-सूचित गराउने कामबाट विचलित भएनौं । सामान्य हावाहुरी चल्दा विद्युत, इन्टरनेट, टेलिफोन सेवा अवरूद्ध हुने यो क्षेत्रका आम नागरिकले भोगिरहेका समस्या हामीले पनि झेल्यौं । तर खवरदारी गर्न छोडेनौं । विगतमा विभिन्न समयमा भएका परिवर्तनशील आन्दोलनमा यस पत्रिकाले खेलेको भूमिकाका विषयमा हामीले स्मरण गराइरहनुपर्ने छैन । भ्रष्टाचार र सुशासन केन्द्रित भएको जेन-जी समूहको आन्दोलन ब्यहोरेका छौं । र यसबाट सृजित अवस्थालाई नियाली रहेका छौं । कठिन समयमा कठिन परिस्थितिको सामना गर्दै आम निर्वाचन २०८२ को संघारमा छौं । यति बेला जनताको आवाज बलियो बनोस् भन्ने हेतुले हामीले यो कदम चाल्दैछौं ।

देश संघीयतामा गएसँगै संरचनागत सुधार भएपनि मोफसलका सञ्चारगृह सञ्चालनमा सहजीकरण हुन सकेको छैन । सरकारी केन्द्रीकृत नीतिमा परिवर्तन नआएका कारण भरथेग चले पनि प्रायजसो मिडिया हाउसहरू ओरालो लागिरहेको पीडा छँदैछ । परिस्थिति अनुकुल नभएपनि सत्य, तथ्य र निष्पक्ष रूपमा समाचार पस्किनु हाम्रो कर्तव्य रहने छ । त्यही कर्तव्यको बाटोमा हामी निरन्तर लागि रह्यौं र कतर्व्यबाट हामी विमुख हुनेछैनौं । हामीले मौफल, सीमान्तकृत वर्ग, दुर्गम भूगोल र उपेक्षित समुदायका मुद्दालाई आफ्नो मूल प्राथमिकतामा राख्दै आएको विदितै छ । हामीले प्राप्त गरेको सम्पत्ति भनेकै तपाई आमपाठकको विश्वास हो ।

यो सम्पत्तिलाई जोगाउन हामी अझ प्रतिवद्ध छौं । डिजिटल युग, सामाजिक सञ्जाल र तीव्र सूचना प्रवाहको समयमा मुद्रित पत्रकारिता माथि अनेक चुनौती पनि छन् । तर चुनौतीकै बीच पनि जिम्मेवार, गहिरो र सन्तुलित पत्रकारिताको आवश्यकता झन् बढेको छ । यही आवश्यकतालाई आत्मसात् गर्दै, काँक्रेविहार दैनिकले आगामी दिनमा अनुसन्धानमूलक समाचार, विश्लेषणात्मक सामग्री, स्थानीय सरोकारका गहिरा मुद्दा र सकारात्मक परिवर्तनका कथालाई अझ प्राथमिकताका साथ प्रस्तुत गर्नेछ । जनतालाई सुसूचित गराउनका लागि तपाईहरूको मायाले हाम्रो भविष्य निर्धारण गर्दछ । हामीलाई माया गर्ने समस्त पाठकवर्ग, विज्ञापनदाता, लेखक, पत्रकार एवम् शुभचिन्तकहरूप्रति आभार प्रकट गर्दै सदैव सहयोग र सल्लाहको अपेक्षा गर्दछौं ।

सुशिलराज शर्मा
अध्यक्ष/सम्पादक
काँक्रेबिहार मिडिया प्रा.लि.

प्रतिनिधिसभा निर्वाचनमा कर्णाली :

पुराना दललाई विरासत जोगाउन हम्ये नयाँ दल इतिहास रच्ने दाउमा

❐ **काँक्रेबिहार संवाददाता**
सुर्खेत, ४ फागुन

यही फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि कर्णाली प्रदेशका १२ निर्वाचन क्षेत्रमा कुल १३२ जना उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन् ।

प्रदेशका हिमालीदेखि पहाडी जिल्लासम्म चुनावी माहोल तातेको छ, भने दलहरू घरदैलो, सभा-सम्मेलन र मतदाता भेटघाटमा व्यस्त बनेका छन् । कर्णालीबाट नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी (नेकपा), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) लगायतका स्थापित दलहरूसँगै नयाँ तथा साना दलहरू पनि प्रतिस्पर्धामा उत्रिएका छन् ।


यसैगरी राष्ट्रिय जनमोर्चा, नेपाल मजदुर किसान पार्टी, नेकपा माओवादी, नेकपा संयुक्त, प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा), उज्यालो नेपाल पार्टी र आम जनता पार्टी का उम्मेदवारहरूले पनि चुनावी मैदान तताएका छन् । केही क्षेत्रमा स्वतन्त्र उम्मेदवारहरूको उपस्थिति पनि उल्लेख्य देखिएको छ ।

यस निर्वाचनमा कांग्रेस, एमाले र नेकपाका उम्मेदवारहरूले अघिल्ला निर्वाचनमा जितदै आएका क्षेत्रलाई पुनः सुरक्षित गर्ने रणनीति बनाएका छन् । उनीहरूले विकासका अपूरा काम पूरा गर्ने, सडक सञ्जाल विस्तार, स्वास्थ्य तथा शिक्षाको पहुँच वृद्धि, रोजगारी सिर्जना र जलविद्युत् तथा कृषि क्षेत्रको आधुनिकीकरणलाई मुख्य एजेन्डा बनाएका छन् ।

कर्णालीका केही निर्वाचन क्षेत्रमा परम्परागत रूपमा एकै दलको प्रभाव रहँदै आएको छ । ती क्षेत्रमा पुराना दलहरू आफ्नो संगठनात्मक संरचना, मतदातासँगको पुरानो सम्बन्ध र विगतका उपलब्धिलाई आधार बनाएर चुनाव जित्ने दाउमा छन् ।

यता रास्वपा लगायतका नयाँ दलहरूले वैकल्पिक राजनीति, सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रणलाई मुख्य मुद्दा बनाएका छन् । उनीहरूले युवावर्ग, वैदेशिक रोजगारीबाट फर्किएका मतदाता र परिवर्तन चाहने वर्गलाई लक्षित गर्दै चुनावी अभियान तीव्र बनाएका हुन् । नयाँ दलहरूले पुराना दलप्रति बढ्दो असन्तुष्टि आफ्नो पक्षमा पार्न सकिने आकलन गरेका छन् । केही शहरी तथा सदरमुकाम केन्द्रित क्षेत्रमा नयाँ दलहरूको प्रभाव देखिन थालेको विश्लेषकहरूको भनाइ छ ।

कर्णालीका अधिकांश क्षेत्रमा त्रिपक्षीय वा बहुपक्षीय प्रतिस्पर्धा देखिएको छ । केही क्षेत्रमा गठबन्धनको प्रभाव पनि देखिएको छ भने केही ठाउँमा आन्तरिक असन्तुष्टिका कारण विद्रोही उम्मेदवारीले मत विभाजनको सम्भावना बढाएको छ ।



निर्वाचन आयोगका अनुसार मतदान केन्द्रहरूको व्यवस्थापन, सुरक्षा प्रबन्ध तथा मतदाता शिक्षा कार्यक्रमलाई तीव्र बनाइएको छ । दुर्गम भूगोल र मौसम चुनौतीका बाबजुद पनि मतदान शान्तिपूर्ण र व्यवस्थित बनाउन तयारी पूरा गरिएको छ ।

कर्णालीका मतदाताले सडक, स्वास्थ्य, शिक्षा, खानेपानी, सञ्चार तथा रोजगारीलाई मुख्य प्राथमिकता दिएका छन् । विकासमा पछि परेको कर्णालीलाई समृद्ध बनाउने स्पष्ट कार्ययोजना प्रस्तुत गर्न सक्ने उम्मेदवारलाई मत दिने मतदाताको भनाइ छ । समग्रमा, १२ निर्वाचन क्षेत्रमा १३२ उम्मेदवारबीचको प्रतिस्पर्धाले यसपटक कर्णालीको चुनावी परिणाम रोचक र निर्णायक बन्ने देखिन्छ । पुराना दलहरू विरासत जोगाउने दाउमा छन् भने नयाँ दलहरू इतिहास रच्ने लक्ष्यसहित मैदानमा उत्रिएका छन् । फागुन २१ को मतपरिणामले कर्णालीको राजनीतिक दिशालाई नयाँ मोड दिन सक्ने आँकलन गरिएको छ ।

नयाँप्रति मतदाताको आकर्षण

प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा कर्णालीसहित देशभर नयाँ राजनीतिक दलप्रति मतदाताको आकर्षण बढ्दै गएको देखिएको छ । विशेषगरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले छोटो समयमा नै जनतामाझ उल्लेख्य चासो र समर्थन बटुल्न थालेको छ ।

विगत लामो समयदेखि सत्तामा रहेका पुराना दलहरूप्रति बढ्दो असन्तुष्टि, भ्रष्टाचारका आरोप, विकासमा देखिएको ढिलासुस्ती र जनअपेक्षा अनुसार काम हुन नसकेको गुनासोका कारण मतदाता वैकल्पिक शक्तिको खोजीमा देखिएका छन् । यही अवस्थालाई रास्वपा जस्ता नयाँ दलले अवसरका रूपमा लिएका छन् ।

कर्णालीका विभिन्न जिल्लामा रास्वपाका उम्मेदवारहरूको घरदैलो कार्यक्रम, सीमित स्रोतसाधनका बाबजुद जनतासँग प्रत्यक्ष संवाद र सरल अभियान शैलीले मतदाताको ध्यान तानेको स्थानीयवासी बताउँछन् । विशेषगरी युवा, शिक्षित वर्ग, पहिलो पटक मतदान गर्न लागेका मतदाता तथा परिवर्तन चाहने नागरिक रास्वपाप्रति आकर्षित देखिएका हुन् ।

रास्वपाले सुशासन, पारदर्शिता, जवाफदेहिता र भ्रष्टाचार नियन्त्रणलाई मुख्य एजेन्डा बनाउँदै आएको छ । साथै स्वास्थ्य, शिक्षा, रोजगारी र सेवा प्रवाहमा सुधार गर्ने प्रतिबद्धताले पनि मतदातामा आशा जगाएको छ । "पुराना दललाई पटक-पटक मौका दिइयो, अब नयाँलाई परीक्षण गर्नुपर्छ" भन्ने धारणा धेरै मतदातामा देखिन थालेको छ ।

राजनीतिक विश्लेषकहरूका अनुसार रास्वपाप्रतिको आकर्षण परम्परागत राजनीतिक संरचनाप्रति बढ्दो असन्तुष्टिको परिणाम हो । तर दुर्गम भूगोल, कमजोर संगठनात्मक संरचना र अनुभवको अभाव नयाँ दलका लागि चुनौतीका रूपमा रहेका छन् । यता पुराना दलहरू भने रास्वपाको बढ्दो प्रभावलाई गम्भीर रूपमा लिँदै आफ्ना चुनावी रणनीति परिमार्जन गर्न थालेका छन् । सुर्खेत क्षेत्र नम्बर १ र २, हुम्ला, दैलेख २, जुम्ला लगाएतका केही क्षेत्रमा नयाँ र पुराना दलबीच कडा प्रतिस्पर्धा हुने संकेत देखिएको छ । रास्वपा जस्ता नयाँ दलप्रति बढ्दो आकर्षणले यसपटकको निर्वाचन परिणाम रोचक बन्ने देखिएको हो ।

यस्तो छ, तथ्यांकमा दलीय शक्ति

२०७९ को प्रतिनिधिसभा निर्वाचनमा कर्णालीका १० वटै जिल्लामा प्रमुख राजनीतिक दलहरूले पाएको मत परिणाम अनुसार केही जिल्लामा प्रतिस्पर्धा कडा देखिएको छ, भने केहीमा कुनै एक दलको स्पष्ट अग्रता देखिन्छ ।

समानुपातिक मतपरिणाम अनुसार सुर्खेतमा नेपाली कांग्रेसको ३३ हजार ६०८, नेकपा एमाले २९ हजार ६८७, तत्कालिन नेकपा माओवादी केन्द्र ६ हजार ४३१, तत्कालिन नेकपा एकीकृत समाजवादी दुई हजार ८९६, राष्ट्रिय स्वतन्त्र पार्टी ६ हजार १४६ र राष्ट्रिय प्रजातन्त्र पार्टीको तीन हजार ९७५ मत रहेको छ ।

यस्तै हुम्लामा कांग्रेसको आठ हजार १९२, एमाले पाँच हजार ९०७, माओवादी केन्द्र सात हजार ३६३, समाजवादी एक हजार २१, रास्वपा १७१ र राप्रले ६९ मत पाएका थिए । मुगुमा कांग्रेसले आठ हजार ४४०, एमाले आठ हजार ६४३ र माओवादी केन्द्रले चार हजार ६५० मतसहित पछ्याइरहेको छ । मुगुमा समाजवादीले दुई हजार ६१२ मत पाउँदा रास्वपा २१० र रापपो ३६८ मत प्राप्त गरेका थिए ।

डोल्पामा एमाले ६ हजार २९४ मतसहित पहिलो स्थानमा छ । कांग्रेसले तीन हजार ५९१ माओवादी केन्द्रले चार हजार ७२१, समाजवादी एक हजार ८२४ मतमा सीमित रहँदा रास्वपाले ५५७ र रापपा पार्टीले ४६५ मत पाएका थिए ।

यस्तै जुम्लामा कांग्रेस १० हजार ४७६ मतसहित अग्रस्थानमा छ । एमालेले १० हजार ५४८ मत ल्याएर कडा प्रतिस्पर्धा दिएको थियो । माओवादी केन्द्रले ८ हजार ९६०, रास्वपा ८९९, समाजवादी दुई हजार ६४८ र राप्रपाले पाँच हजार ७९६ मत पाएका छन् ।

कालिकोटमा माओवादी केन्द्र १४ हजार २२९ मतसहित पहिलो, एमाले १२ हजार ५६४४६ मतसहित दोस्रो र कांग्रेस १० हजार ५८५ मतसहित तेस्रो स्थानमा छन् । रास्वपा ६०१ मत ल्याएको छ भने समाजवादीले दुई हजार ५३ र राप्रपा एक हजार ३७ मत पाएका छन् ।

दैलेखमा एमाले १६ हजार ३१३, कांग्रेस १५ हजार ८३७, माओवादी केन्द्र दुई हजार ६४५, समाजवादीले तीन हजार १६६, रास्वपा ८८७ र राप्रपाले एक हजार ८५४ मत पाएका थिए । यता जाजरकोटमा कांग्रेस २२ हजार ९३४, एमाले १९ हजार ७४९, माओवादी केन्द्र १४ हजार ४१२, समाजवादी ७८६ मत, रास्वपा ५९४ र राप्रपा ५३९ मत छ ।

रुकुम पश्चिममा भने माओवादी केन्द्रको बलियो थियो । माओवादी केन्द्र ३४ हजार ३४७ मतसहित अग्रस्थानमा छ । कांग्रेस आठ हजार ७६६, एमाले आठ हजार ७६९, समाजवादीले एक हजार ५१०, रास्वपा एक हजार ८६१ मत र राप्रपाले ५९३ मत प्राप्त गरेका थिए ।

यस्तै सल्यानमा कांग्रेस १९ हजार ९६६, नेकपा माओवादी केन्द्र २१ हजार ३२५ र एमाले २२ हजार २५६ मत ल्याएका थिए । समाजवादीले पाँच हजार ९७०, रास्वपा चार हजार ५२२ मत र राप्रपाले दुई हजार ३०८ मत पाएका थिए ।

समग्रमा हेर्दा जाजरकोट र सल्यानमा कांग्रेस बलियो देखिएको छ भने रुकुम पश्चिममा माओवादी केन्द्रको वर्चस्व कायम रहेको छ । एमाले अधिकांश जिल्लामा दोस्रो वा तेस्रो स्थानमा देखिएको छ । रास्वपा र राप्रपाले पनि जनमत बढाउँदै गएका छन् ।

Please Visit
kankrebihar.com
facebook.com/kankrebihardaily
Scan me!
थप जानकारीका लागि
काँक्रेविहार मिडिया प्रा.लि.
वीरेन्द्रनगर-४, सुर्खेत
फोन : ०८३-५२२१७३/९८५८०५०५०५
Web : kankrebihar.com
Email : kankrebihardaily@gmail.com

विकासको वैकल्पिक बहस



✍ डिकर्ण मल्ल

हुम्लाको 'ठेह' भन्ने ठाउँमा करिब पाँच सय घरघुरीको एउटै गाउँ छ । प्रत्येक घरका माटोका छानाहरू एकअर्कासँग लस्करै जोडिएका छन् । बस्ती व्यवस्थापनको पुर्खौली अवधारणाबाट हिमाली जाडो छल्न र बासका लागि सीमित जमिन खर्च गरेर खेतीयोग्य जमिन बचाउन यस्तो गरिएको प्रस्ट हुन्छ । वा कुनै पनि प्राकृतिक, आर्थिक र सामाजिक विपत्तिमा सबैमा द्रुत सूचना फैलाउन तथा त्यसको मिलेर सामना गर्न एकआपसमा सहकार्यको भावना विकासमा टेवा पुगोस् भनेरै बस्ती त्यसरी निर्माण गरिएको हो ।


उच्च हिमाली र पहाडी गाउँमा सामान्यतया दुईतले ढुङ्गा, माटो र काठले बनेका घरहरू हुन्छन् । छानो माटोको हुन्छ । ढुङ्गाको पर्खालमा गोबर र माटोले पोतिएको । तल भुइँतलामा गाई, गोरु, भैंसी र भेडाबाख्रा बस्छन् भने माथिल्लो तलामा मानिस ।

झट्ट हेर्दा यो कताकता पशुहरू र मान्छे एकै घरमा बस्ने नसुहाउँदो लाग्न सक्छ । तर यसको पछाडि एउटा गजबको परम्परागत कारण छ । त्यो के भने हिमाली, पहाडी भेगमा अत्यधिक जाडो हुन्छ । जाडोमा भुइँतलामा पशुहरू भए भने माथिल्लो तला आफैँ तात्छ । न्यानो र मान्छे बस्न लायक हुन्छ । धेरै आगो बाल्नु पर्दैन । दाउराको खपत पनि कम गर्नुपर्ने हुन्छ । पशुपालन नपाल्ने घरमा बस्नै कठिन हुन्छ ।

यसरी जाडो छल्न पशु पाल्नै पर्ने बाध्यात्मक परिस्थितिले प्रशस्त मल उत्पादनको फाइदा पनि हुन्छ । पशुपालनको अर्को फाइदा भनेको भेडाबाख्राको ऊन र खोला किनारको रेसादार अल्लोबाटै न्यानो लत्ताकपडाको समेत जोहो हुन्छ । यस किसिमको परम्परागत रहनसहन, जीवनशैलीको प्रक्रियाले सिङ्गो मानव समुदाय, प्रकृति र पशु जीवनलाई भावनात्मक रूपमा एकसूत्रमा जोडेको हुन्छ ।

आज विकास पूँजीवादको बाटो हुँदै नवउदारवाद जब डोजर चढेर गाउँसम्म आइपुग्यो, त्यसले गाउँले रैथाने ज्ञान र जीवित परम्पराहरूलाई नष्ट मात्र गरेन, परनिर्भरताको पराकाष्ठामा पुग्न बाध्य पनि बनाइदियो । त्यहाँको माटोको छानालाई जस्तापाताले विस्थापित गऱ्यो । ढुङ्गामाटोको पर्खाललाई सिमेन्टले निलिसक्यो । नाफाखोर बजारले गाउँलाई जिन, नाइलन जस्ता चिसा कपडा भिराएर ऊन र अल्लो जस्तो न्यानो चिज महलमा पुऱ्याइदियो ।

खेती, गोठालो गर्न हिँडेको साथीलाई स्कुल जाँदै गरेको बच्चाले गिज्याउँछ । अनि किसान को बनोस् ? युवाहरूमा पलायनको मनोविज्ञान हाबी छ । खेतीयोग्य जमिन लगभग बाँझो बनिसक्यो । पशुपालन छोडेपछि गाउँमा हरेक गोठ खाली छन् । मल उत्पादन गर्ने गोठमा गाईगोरु छैनन् । गाउँका हरेक एक्ला घरका छिँडीहरूमा चिस्यान फिजारिएको छ ।



केवल मनमा विवशताको सिरेटो बोकेर आज पनि बुढा बा-आमा मूलढोकामा आफ्ना छोराछोरी कुरिरहेका छन् । यो अहिलेको अवस्थामा प्रत्येक नेपालीको कथा हो ।

यो अवस्था कसरी निम्तियो ? यस प्रश्नको जबाफ भन्दा पनि समाजका अगुवाहरूमा एउटा रेडिमेड गुनासो छ- विकास भएन । त्यस बुझाइमाथि यहाँ प्रतिप्रश्न रहन्छ । उसो भए विकास के हो त ? के विकास छाउपडीको रगतले रङ्गरञ्जित बगेको कर्णालीलाई अनदेखा गरी सुईँकिने रेल हो ? वा रातदिन जाग्राम भोको बस्ती हेर्दै मुस्कुराउने अग्लो भ्यु टावर ? हुँदै नभएको वा हुन बाँकी विकास कुन होला ?

विकासको गलत भाष्य

नेपाली समाजमा विकासको मानक र यसको अर्थ कुनै पौराणिक कथाहरूमा वर्णित वायुपंखी घोडामाथि सवार गर्ने तिलस्मी पात्र जस्तो बनिसकेको छ, जसको आगमनबाट हाम्रा सारा समस्याहरू छु मन्तर हुन सक्छन् । हिजो पञ्चायतकालमा विकास मोडेलको जुन दबदबामा रह्यो, त्यसले एउटा फरक राष्ट्रवादको मुखौटा निर्माण गऱ्यो । यसले नेपाली समाजभित्रका सारा विविधतालाई अति राष्ट्रवादबाट घाइते बनाइदियो ।

त्यस एकात्मक राज्यप्रणालीप्रति हुर्किँदै गएको आम आक्रोश उदार लोकतन्त्रवादी, बहुराष्ट्रिय, बहुसांस्कृतिक स्थापित अस्तित्व बोकेका बहुदलहरूको विद्रोहमार्फत विकासको नयाँ अवधारणा नेपाली समाज सामुन्ने आयो ।

लामो सङ्घर्ष पश्चात् नेपाली समाज त्यो निरङ्कुश राज्य प्रणालीबाट मुक्त त भयो तर त्यहाँबाट फुत्केको समाज पश्चिमी विकास मोडेलको नवउदारवादी चंगुलमा फस्न पुग्यो । युद्ध र अनिकालको चपेटामा परेको समाज दाताहरूको खोजीमा रहन्छ नै । भौतिक रूपमा सम्पन्न तर न्यूनतम मानवीय मूल्यबाट समेत च्युत हुँदै गइरहेको पश्चिमाहरूको चरित्र भनेको न्याय, स्वतन्त्रता र विकास नामको भ्रामक भाष्यमा अल्झाउनु थियो ।

आज यसै परिपाटीबाट पठित समाजका कुनै पनि सरकारी वा गैरसरकारी कर्मचारी गाउँमा पुग्दा जनताले उनीहरूसमक्ष 'हामीले पनि विकास खान पाउनुपऱ्यो' भन्छन् । 'मैले जिते भने विकास ल्याइदिन्छु' भनेर भोट माग्ने नेता र स्थानीय ज्ञान मास्ने आइएनजिओले नै खुद गरिबी निवारणको नाममा विकासे लौकाको बिउँ बाँड्दै हिँडेपछि मौलिक विकासका जन्मदाता स्थानीय स्वयं हुन् र विकास भनेको खाने कुरा होइन भनेर कसले बुझाइ देओस् । यद्यपि बहुदलपछि मात्र होइन, पञ्चायतकालमै पनि नेपालमा दातृ राष्ट्रको सहायतामा केन्द्रित धेरै विकास परियोजना सञ्चालनमा आए । मन्त्रालयमै व्यापारीसँग साँठगाँठ गरी कर छलीको नीति बनायो ।

झन् चुनावमै व्यापारीले दिएका महँगा गाडी घुमाउने उम्मेदवारबाट जनताको पक्षमा कानुन बन्नेछ भन्ने कसरी अपेक्षा गर्ने ? समाजमा व्याप्त वर्गीय विभेद अन्त्य गर्दै समाजवाद ल्याउन हिँडेको नेता नै वर्गीय खाडललाई झन-झन बढाउन भूमिका खेलिरहेको छ तर उही समाजवादी यात्राको नायक कहलिएको छ । पुँजीवादको असली चरित्र भनेकै गफ दिन सक्नु हो ।

अर्थात् यो समय गफाडीहरूको हो ।

नेपालको संविधानको धारा ४ को उपधारा १ ले भन्छ, 'नेपाल धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो' । अर्थात् समाजवादी दलहरू बहुमतसहित सरकारमा आए भने देश समाजवादी प्रणालीमा छलाङ मार्छ । तर, संविधानमा परिकल्पना गरिएको र भनिए जस्तो यो सपनालाई कुनै पनि राजनीतिक दलले साकार पार्न सक्ने अवस्था छैन । किनभने उनीहरू सबैले अँगाल्ने उदारवादी खुला अर्थतन्त्रको मोडेलले उनीहरूलाई समाजवादी यात्राका लागि रोक्छ ।

अर्थतन्त्रको यो मोडेलले समुदायलाई होइन व्यक्तिलाई केन्द्रमा राख्छ । र, त्यसै अनुरूपको संरचना खडा गर्छ । यसो होइन भने जनताका व्यवहारिक आवश्यकताहरू परिपूर्ति गर्दै राज्यका नीति-नियमहरू त्यस दिशातर्फ उन्मुख किन भएनन् त ? प्रजातान्त्रिक, लोकतान्त्रिक र समाजवादी दलहरू सरकारमा रहँदा निमुखाको पक्षमा निर्णय भए वा अकुत कमाउन चाहने निश्चित केही घरानाको पक्षमा ?

समस्याको मुख्य जड कहाँ छ ? पार्टीका सिद्धान्तमा या व्यक्तिवादी प्रवृत्तिमा ? नीति निर्माण र कार्यान्वयनबिचको दूरी किन छ ? आउनुहोस्, हामी यही सेरोफेरोमा रहेर छलफल गरौँ ।

शिक्षा

समाज कस्तो बनाउने र कसरी समाज विकासमा आफ्नो उपस्थिति जनाउने भन्ने कुराको एउटा महत्त्वपूर्ण आधार हो शिक्षा प्रणाली । शिक्षा प्रणाली कस्तो बनाउने भन्ने निर्भर गर्छ त्यसको पाठ्यक्रममा । के हामीले उत्पादन गरेको शिक्षा प्रणाली र त्यसबाट उत्पादित जनशक्तिले समाजका ज्वलन्त प्रश्नलाई हल गर्न प्रयत्न गरेको छ ? जवाफ पक्कै नकारात्मक आउने छ । आज गरिबीको रेखामुनि रहेका तमाम निम्नवर्ग र उच्च मध्यम वर्गको बिचमा अवस्थित वर्ग विभेदको परम्परा समग्र सामाजिक चिन्तन र व्यवहारले नै हाम्रो शिक्षा प्रणाली कस्तो छ भन्ने चरित्र निर्धारण गरिरहेको छ ।

यस समस्याका मुख्य दुई कारण छन् । पहिलो, शिक्षामा व्यक्ति स्वामित्वको हालीमुहाली । दोस्रो, सरकारी शिक्षामा राज्यबाट आधारभूत पाठ्यक्रमिक ज्ञान निर्माणको कमी । त्यस्तो शिक्षा जसको सम्बन्ध नेपाली जनजीवन, भौगोलिक माटो र हाम्रो समाजको परम्परागत संस्कृतिसँग सिधै अन्तरसम्बन्धित होस्, जसबाट सम्पूर्ण वर्ग, समुदाय नै लाभान्वित रहून् ।

अन्यथा हुनेखानेले गुणस्तरीय शिक्षा आर्जन गर्न निजी क्षेत्र पुग्छन् र हुँदा खानेको भागमा कमजोर सरकारी शिक्षा पर्छ । कमजोर शिक्षाले समाजमा स्पष्ट दुईटा वर्ग उत्पादन गरिदिन्छ । त्यसकारण राज्य स्वामित्वअन्तर्गत शिक्षाको सामुदायिकीकरण गर्नुपर्ने हुन्छ ।

स्वास्थ्य

एउटा स्वस्थ व्यक्ति नै सुन्दर राज्य र समाजको परिकल्पना हो । अर्थात् जनताको स्वास्थ्य नै राज्यको स्वास्थ्य हो । रोगी जनताबाट राष्ट्र समृद्ध हुँदैन । त्यसैले स्वास्थ्यमा सबै क्षेत्र, वर्ग र लिंगका मानिसले समान अधिकार प्राप्त गर्नु पर्ने हुन्छ ।

तर नाफा कमाउने उद्देश्य बोकेको व्यक्तिको हातमा स्वास्थ्यको साँचो पुग्यो भने कसको उपचार हुनेछ र कसको उपचार हुने छैन भन्ने आफै कल्पना गर्नुस । त्यसैले स्वास्थ्य संस्थाको निजीकरण गर्न मिल्दैन । यसलाई नाफामुखी संस्थाका रुपमा विकास गर्न दिनु हुँदैन । तर, समाजवादी यात्रामा हिँडेको राज्यका पाइला त्यतातर्फ छँदै छैन ।

व्यथाले छटपटिएर सुत्केरीको अकालमा मृत्यु भएको खबर कुनै मुगुको समाचार मात्रै होइन । यो नेपालको स्वास्थ्य क्षेत्रको निजीकरण र राज्यको उदासीनताको कथा हो । हेलिकप्टरबाट सुत्केरी उद्धारको खबर लुटमाथि पर्दा लगाउन गरिएको परोपकारिताको प्रचार युद्ध मात्रै त हो ।

विकास र परिवर्तनको कुरा गरेर नथाक्ने नेतृत्व र समाजवादको यात्रामा हिँड्ने संविधानको परिकल्पनालाई गिज्याउने कुरुप तस्बिर हो यो ।

कृषि

आदिम समाजको पुरानो र आत्मीय पेसा हो कृषि । यसको मानव जनजीवनसँगको सम्बन्ध गहिरो छ । भलै आजको पुँजीवादले यसलाई कमसल दर्जाको ठाउँमा राखोस् । तर मूल उत्पादनको स्रोत जमिन नै हो । भूमि आज कसरी पुँजीपतिको हातमा छ ? यहाँ कोही सुकुम्वासी त कोही सर्यौं जमिनको मालिक हुनुपर्ने स्थिति कसरी बन्यो ? यो प्रश्नसँग लामो राजनीति जोडिएको छ ।

भूमि स्वामित्व व्यक्तिको हातमा गएपछि नै यहाँ वर्गहरूको निर्माण भएको हो । पुँजीपतिको हातमा गइसकेको जमिन अधिक मुनाफाका लागि विभिन्न आर्थिक उत्पादनमूलक सामग्री उत्पादनको चरम औद्योगिकीकरणले नै कृषि मासियो । भूमि जति सबै प्लटिङ, अपार्टमेन्ट, औद्योगिकीकरण प्रयोजनमा सकिएको छ । खेतीयोग्य जमिनको अभावमा हामीले भावी वर्षहरूमा खाद्यान्न सङ्कट बेहोर्नुपर्ने हो कि भन्ने आशङ्का थप बलियो बन्दै गइरहेको छ ।

आसन्न सङ्कटको समाधानका लागि राज्यबाटै आवश्यक बाहेक अत्यधिक भूमिमा व्यक्ति स्वामित्वको खारेजीको नीति ल्याउनु पर्ने हो । आधारभूत आवश्यकता आवास बाहेक खेतीयोग्य जमिन बचाउने नीति । कृषिमा प्रमुख प्राथमिकता, कृषकलाई अनुदान, उत्पादनमूलक सामग्री, बिउ र मलको सहजै उपलब्धता र उत्पादित सामाग्रीका लागि बजार विस्तारको पहुँच राज्यले नै प्रबन्ध गर्ने हो ।

भूमिसँगै जोडिन्छ आधारभूत आवासको पहुँच । आज कोही किन सुकुम्वासी छ ? भूमिको मूल्य बढेसँगै निम्नवर्गको त्यसमा पहुँच पातलिँदै जान्छ । यस्तोमा सरकारी नीति के हो भन्ने प्रश्न आइपुग्छ ।

राजनीतिक प्रशासनिक सुधार

विकासका जति ठूला कुरा गरे पनि सैद्धान्तिक रूपमा हामी कमजोर छौं भने हामी यस्तै अस्थिर र अव्यवस्थित समाजमा बाँचिरहने छौं । विश्वका धेरैजसो देशहरूमा सत्तामा पुगेपछि वा कर्मचारीतन्त्रमा भ्रष्टाचार व्यापक हुने चलन छ । कुनै व्यक्तिले भ्रष्टाचार नगर्नु उसको विवेकको फरक पाटो हो । तर अधिकांश क्षेत्रमा भ्रष्टाचार व्याप्त नै हुन्छ ।

नेपालमा भ्रष्टाचार हुने केही कारणहरू छन् । विश्वका तमाम मुलुकमध्ये नेपाल अत्यन्त गरिब र पुँजीवादी व्यवस्थाको अभ्यास गर्दै गरेको मुलुक हो । आर्थिक रूपमा विपन्न समुदाय होस् वा सम्पन्न, सबै मानिसलाई धनी बन्ने चाहना हुन्छ । त्यही धनी बन्ने चाहनाको उपज हो भ्रष्टाचार ।

राजनीतिक दलहरू र तिनका भ्रातृ सङ्गठन तथा तिनै राजनीतिक दलको संरक्षणमा सरकारी जागिरमा पुगेका मानिसमा यो प्रवृत्ति हाबी छ । समाज गफले अगाडि बढ्दैन । समाज त देशको नीति, सिद्धान्त र त्यसलाई प्रयोग गर्ने जनप्रतिनिधिको कुशलताले अगाडि जान्छ ।

आगामी फाल्गुन २० मा हुने प्रतिनिधि सभा निर्वाचनमा प्रत्येक दलका घोषणापत्रमा यी र यस्तै व्याख्याहरू पढ्न र सुन्न पाइनेछन् । ती घोषणापत्र तपाईंको हातमा पर्नुअघि तपाईंले पनि आफ्नो आवश्यकताको घोषणा मनमा लेख्नुहोस् र ती खाकाहरूसँग दाँजेर हेर्नुहोस् अनि मात्र उम्मेदवार छान्नुहोस् । किनकि छान्नुअघि जान्नु आवश्यक छ ।

(रातोपार्टीबाट)

राशिफल

२०८२ साल फागुन ५ गते मंगलवार, नेपाल सम्वत् ११४६

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

दोहोर्याएर प्रयत्न गर्दा रोकिएको काम बन्नेछ । टाढाका साथीभाइले काममा साथ दिनेछन् । अर्थअभाव खट्किए पनि आवश्यक पर्दा कर्जामार्फत धन जुट्नेछ ।

वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो)

स्वास्थ्य कमजोर रहनाले काम गर्न नसकिएला । तर, जिम्मेवारी भने बढिरहनेछन् । बाध्यतापूर्ण काममै समय बित्न सक्छ । सहयोगको आशा देखाउनेहरूबाटै धोका पाइएला ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, हा)

व्यावसायिक काममा खर्च बढ्नेछ । अरूका काममा महत्वपूर्ण समय बित्न सक्छ । समयमा काम पूरा नहुनाले खिन्नता बढ्ला । सेवामूलक कामबाट प्रतिष्ठा मिल्नेछ ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

आजको प्रयत्न निष्फल जस्तै होला । काम बिग्रने भयले सताउला। लगानी, दौडधुप, श्रम र प्रयत्नको उचित मूल्य नपाइने समय छ । न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ने समय छ ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

नयाँ काममा हात हाल्न केही समय पर्खंदा राम्रो हुनेछ । गरी आएको कामलाई भने निरन्तरता दिन सकिनेछ । आश्वासन दिएर झुक्याउनेहरूले सताउनेछन्, सचेत रहनुहोला ।

कन्या (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो)

प्रयत्न गर्दा मौकाको फाइदा लिन सकिनेछ । यात्रामा विशेष लाभ होला । शत्रु र रोगबाट छुटकारा मिल्ने समय छ । मुद्दा-मामिलामा पनि विजयी भइनेछ ।

तुला (रा, रि, रु, रे, रो, ता, ति, तु, ते)

व्यापार तथा उद्योगतर्फ सामान्य फाइदाको योग छ । अधिकारका लागि केही संघर्ष पनि हुन सक्छ । प्रतिस्पर्धीहरूले अप्ठ्यारोमा पार्ने प्रयास गर्नेछन् । सचेत रहँदा धन अरूको हातमा जानबाट जोगिनेछ ।

वृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)

विगतका निर्णयले काम बिग्रन सक्छ । बेसुरमा वचन दिने बानीले दुःख पाइनेछ । घर-गृहस्थीमा समस्या आउन सक्छ । परिवारजनसँग असमझदारी बढ्नुका साथै काममा बाधा पुग्न सक्छ ।

धनु (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे)

महत्वाकांक्षी योजना गोप्य राखेर अघि बढ्नुहोला । पशुधन र जमिनबाट पनि सामान्य लाभ होला। तर, अरूको भर पर्दा धोका हुन सक्छ, सचेत रहनुहोला ।

मकर (भो, जा, जि, जु, जे, जो, ख, खि, खु, खे, खो, गा, गि)

अरूका काममा महत्वपूर्ण समय बित्न सक्छ । समयमा काम पूरा नहुनाले खिन्नता बढ्ला । सेवामूलक कामबाट प्रतिष्ठा मिल्नेछ । व्यावसायिक काममा खर्च बढ्नेछ ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, दा, ञ)

आश्वासन दिएर झुक्याउनेहरूले सताउनेछन्, सचेत रहनुहोला । नयाँ काममा हात हाल्न केही समय पर्खंदा राम्रो हुनेछ । गरी आएको कामलाई भने निरन्तरता दिन सकिनेछ ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि)

टाढाका साथीभाइले काममा साथ दिनेछन् । अर्थअभाव खट्किए पनि आवश्यक पर्दा कर्जामार्फत धन जुट्नेछ । दोहोर्याएर प्रयत्न गर्दा रोकिएको काम बन्नेछ ।

महत्वपूर्ण टेलिफोन

नेपाल प्रहरी	१००
दमकल	१०१
एम्बुलेन्स	१०२
ट्राफिक	१०३
बाल हेल्पलाइन	१०४
अ. दु. अ. आ.	१०७
हराएका बालबालिका	१०९८
महिला हेल्पलाइन	११४५

राष्ट्र बैंक ऐनमा ठुलो हेरफेर तयारी :

डिजिटल करेन्सीको खुल्दै बाटो, साना निक्षेपकर्ता प्राथमिकतामा

सरकारले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को संशोधन प्रक्रिया बढाएको छ। देशको केन्द्रीय बैंकलाई समयसापेक्ष बनाउन अर्थ मन्त्रालयले विधेयकको मस्यौदा तयार पार्दै यसमा सरोकारवाला र सर्वसाधारणसँग एक साता समय दिएर सुझाव मागेको छ।

उक्त अवधिमा प्राप्त हुने सुझावका आधारमा आवश्यक संशोधन गरी विधेयकलाई मन्त्रिपरिषदमा पेस गरिने मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डे बताउँछन्। अब नयाँ संसद्लाई बिजनेस दिन सरकारले अहिले नै यो प्रक्रिया बढाएको हो । मन्त्रालयको वार्षिक कार्ययोजनामा समेत यो विषय रहेको पाण्डेले जानकारी दिए।

उक्त विधेयकमा राष्ट्र बैंकको सञ्चालन वा नियमन एवं पदाधिकारी नियुक्तिका सम्बन्धमा महत्त्वपूर्ण व्यवस्था गरिएका छन्। डिजिटल बैंकको स्थापनादेखि डिजिटल करेन्सी निष्कासनसम्मका व्यवस्थासमेत प्रस्तावित मस्यौदामा उल्लेख छन्। डुब्न लागेका बैंक तथा वित्तीय संस्थाहरूको व्यवस्थापन गर्ने र सरकारले केन्द्रीय बैंकबाट लिने ऋणमा नियन्त्रण गर्नेजस्ता व्यवस्थासमेत मस्यौदामा प्रस्तावित छन्।

डिजिटल मुद्रा र डिजिटल बैंकिङको बाटो खुलाइँदै

विधेयकले 'मुद्रा'को परिभाषालाई व्यापक बनाएको छ । यसअघि मुद्रा भन्नाले कागजी नोट र सिक्कालाई मात्र बुझिने गरेकोमा अब प्रस्तावित संशोधनले 'डिजिटल करेन्सी'लाई समेत मुद्राको परिभाषाभित्र समेटेको छ । विधेयक पास भएपछि नेपाल राष्ट्र बैंकलाई भविष्यमा सेन्ट्रल बैंक डिजिटल करेन्सी निष्कासन गर्ने कानुनी बाटो खुला हुनेछ।

विश्वभरका केन्द्रीय बैंकहरूले भौतिक मुद्राको विकल्प वा पूरकका रूपमा डिजिटल मुद्राको अभ्यास गरिरहेका छन्। यही सन्दर्भमा नेपालले पनि कानुनी रूपमा यसको तयारी थालेको हो। यस व्यवस्थाले नेपालमा पूर्णतः डिजिटल बैंक अर्थात् 'नियो बैंक' स्थापनाको कानुनी आधार तयार गर्नेछ।

संकटग्रस्त बैंक व्यवस्थापन गर्न ब्रिज बैंक

विधेयकमा समस्याग्रस्त घोषणा भएका बैंक तथा वित्तीय संस्थालाई रिजोलुसन गर्न अन्तर्राष्ट्रियस्तरको अभ्यास थालेको छ। यसअघिको ऐनमा समस्याग्रस्त घोषणा गर्ने र खारेजीमा लैजाने प्रक्रिया लामो र झन्झटिलो थियो, यसले गर्दा निक्षेपकर्ताको रकम फिर्ता पाउने विषय अनिश्चित थियो। प्रस्तावित विधेयकले यसका लागि ब्रिज इन्स्टिच्युसन वा ब्रिज बैंक स्थापना गर्न सक्ने अधिकार राष्ट्र बैंकलाई दिएको छ।

यसअनुसार कुनै बैंक वित्तीय रूपमा टाट पल्टिने अवस्थामा पुगेको अवस्थामा खारेजीमा लैजानुको सट्टा त्यसको अचल सम्पत्ति र दायित्वलाई बिक्री नभएसम्म यस्तो संस्थाले सम्पत्तिको व्यवस्थापन गर्छ।

बैंकिङ कसुर रोक्न 'क्लब्याक'को व्यवस्था

बैंकिङ कसुर र यो क्षेत्रको अनियमितता विधेयकले 'क्लब्याक' अवधारणा ल्याएको छ । यसअनुसार कुनै बैंक वा वित्तीय संस्था समस्याग्रस्त घोषणा भए यस्ता संस्थाको दायित्व फरफारक गर्ने क्रममा त्यस्तो संस्थामा पाँच वर्ष अगाडिदेखि सञ्चालक वा पदाधिकारी रहेका व्यक्ति तथा त्यो व्यक्तिको नातेदारले संस्थाको हितविपरीत हुनेगरी कुनै सम्पत्ति हस्तान्तरण गरेको वा उपहार दिएको पाइए त्यो कारोबारलाई बदर गरी सम्पत्ति फिर्ता ल्याउन सक्नेछ।

त्यस्तै, तीन वर्ष अघिदेखि तेस्रो पक्षलाई कम मूल्यमा सम्पत्ति बिक्री गरेको वा बिनामूल्य हस्तान्तरण गरेको पाइए पनि सो कारोबार बदर हुन सक्नेछ। यदि कसैले गलत मनसायले सम्पत्ति लुकाएको पाइएमा त्यस्तो व्यक्तिको जायजेथाबाट असुल उपर गर्ने अधिकारसमेत सुनिश्चित गरिएको छ।

कुनै संस्था खारेजीमा गए त्यसको सम्पत्ति बिक्रीबाट प्राप्त रकम वितरणमा साना निक्षेपकर्तालाई प्राथमितकतामा राखिने भएको छ । विधेयकको दफा ८५ (झ) मा निक्षेप बीमा वा सुरक्षणले खामेको सीमासम्मको रकमलाई भुक्तानीको प्राथमिकतामा राखिएको छ, यसको अर्थ ५ लाखसम्म निक्षेपकर्ता भुक्तानीको पहिलो प्राथमितकतामा हुनेछन्।

सञ्चालक समितिको पुनर्गठन र गभर्नरको नियुक्तिमा कडाइ

विधेयकमा सञ्चालक समितिको संरचना र नियुक्ति प्रक्रियामा समेत हेरफेर गरिएको छ। यसअघि राष्ट्र बैंकमा तीन जना सञ्चालक नियुक्ति हुने व्यवस्था थियो, त्यसलाई बढाएर पाँच जना गैर-कार्यकारी स्वतन्त्र सञ्चालक नियुक्ति गर्ने प्रस्ताव गरिएको छ।

त्यस्तै डेपुटी गभर्नरको नियुक्तिको प्रावधानमा समेत हेरफेर गरिएको छ, यसअनुसार कार्यकारी निर्देशकमा कार्यरत व्यक्ति अनिवार्य अवकाश हुन कम्तीमा एक महिना बाँकी रहेमा मात्रै डेपुटी गभर्नरका लागि सिफारिस हुन सक्नेछन्।

त्यस्तै राष्ट्र बैंकको सञ्चालक हुन कुनै पनि बैंक तथा वित्तीय संस्थामा एक प्रतिशतभन्दा धेरैको सेयर लिएको हुन नहुने व्यवस्था गरिएको छ, अहिले यो सीमा ५ प्रतिशत छ।

सरकारले लिने ऋणमा कडाइ

विधेयकको मस्यौदामा सरकारले केन्द्रीय बैंकबाट लिनसक्ने ऋणको सीमामा पनि हेरफेर गरिएको छ। ऐनको दफा ७५ मा सरकारले अघिल्लो वर्षको राजस्व आयको पाँच प्रतिशतसम्म ओभरड्राफ्ट ऋण लिन पाउने व्यवस्था थियो । यसलाई व्यवस्थित गर्दै विगत तीन वर्षको औसत राजस्व आयको पाँच प्रतिशतसम्म मात्र ऋण लिन पाउने व्यवस्था प्रस्ताव गरिएको छ।

त्यस्तै यसरी लिइएको ऋण १८० दिनभित्र भुक्तानी गर्नुपर्ने र भुक्तानी हुन नसके त्यसलाई बजारयोग्य ऋणपत्रमा परिणत गरी बजारमा बिक्री गर्नुपर्ने बाध्यात्मक व्यवस्था गरिएको छ । सरकारले लिने ऋणको ब्याजदर पनि बजारको ब्याजदरसरह हुने व्यवस्था गरी मौद्रिक नीति र वित्तीय नीतिबिचको सन्तुलन कायम गर्न खोजिएको छ।

अन्तिम ऋणदाता सुविधाको स्पष्ट व्यवस्था

वित्तीय बजारमा तरलताको चरम अभाव भई बैंकिङ प्रणालीमै जोखिम आउन सक्ने अवस्थालाई सम्बोधन गर्न विधेयकले अन्तिम ऋणदातासम्बन्धी व्यवस्था गरिएको छ। दफा ४९ (क) थप गर्दै मन्त्रालयले अन्तरबैंक कारोबार वा अन्य माध्यमबाट समेत तरलता व्यवस्थापन गर्न नसकेको अवस्थामा कुनै वित्तीय संस्थाले समग्र प्रणालीगत जोखिम निम्त्याउने अवस्था भएमा ऋण प्रदान गर्न व्यवस्था गरिएको छ।

यस्तो ऋण बढीमा १८० दिनसम्मका लागि प्रदान गरिनेछ र यसका लागि बैंकहरूले असल कर्जा वा अन्य सम्पत्ति धितो राख्नुपर्नेछ । यसअघि यो व्यवस्था नियमावलीमार्फत् हुँदै आएकोमा विधायकी अधिकार नै प्रदान गर्न यो व्यवस्था प्रस्ताव गरिएको हो।

गभर्नर बर्खास्त गर्ने समिति हेरफेर

विधेयकले गभर्नर, डेपुटी गभर्नर तथा सञ्चालकहरू पदमुक्त गर्ने प्रक्रियामा हेरफेर गरेको छ। दफा २३ को व्यवस्था संशोधन प्रस्ताव ल्याउँदै मन्त्रालयले यी पदाधिकारीको बारेमा जाँचबुझ समितिको अध्यक्ष उच्च अदालतका मुख्य न्यायधीशबाट अवकाशप्राप्त व्यक्ति हुनुपर्ने व्यवस्था गरेको हो । यसअघि यस्तो समितिमा सर्वोच्च अदालतको न्यायधीशबाट अवकाशप्राप्त व्यक्ति हुनुपर्ने व्यवस्था थियो।

त्यस्तै, योसमितिलेप्रतिवेदनबुझाएको एक महिनाभित्र सरकारले कारबाहीबारे निर्णय गरिसक्नुपर्ने बाध्यकारी व्यवस्था गरिएको छ । यसअघि यो समयावधि तोकिएको थिएन । यो अवस्थामा सरकारले असीमित समयसम्म निर्णय नदिएर पदाधिकारीमाथि प्रतिशोध साँध्नसम्ने सम्भावना थियो।

केन्द्रीय बैंकको स्वायत्तता र कर्मचारीको सुरक्षा

राष्ट्र बैंकको स्वायत्ततालाई सुदृढ बनाउँदै कर्मचारीलाई निर्धक्क काम गर्ने वातावरण बनाउन विधेयकले कानुनी प्रतिरक्षाको व्यवस्थालाई बलियो बनाएको छ । दफा १०७ मा गरिएको प्रस्तावित संशोधनले बैंकका गभर्नर, सञ्चालक, कर्मचारी वा विशेष प्रशासन समूहले असल नियतले गरेको काम कारबाहीको सम्बन्धमा उक्त व्यक्ति व्यक्तिगत रूपमा जवाफदेही नहुने व्यवस्था गरेको छ।

कसैले असल नियतले गरेको कामविरुद्ध मुद्दा दायर गरे त्यस्तो मुद्दाको खर्च बैंकले नै बेहोर्नेछ । अहिले पनि यो व्यवस्था कायम रहे पनि कानुनकै मार्फत व्यवस्थित बनाउन यो प्रस्ताव गरिएको हो, तर बदनियतपूर्वक वा जानीजानी गरेको गलत काममा भने उनीहरू व्यक्तिगत रूपमा नै जिम्मेवार हुने विधेयकमा उल्लेख छ।

पुँजी वृद्धि र विभिन्न कोषहरूको स्थापना

विधेयकले राष्ट्र बैंकको वित्तीय अवस्था मजबुत बनाउन पुँजी र कोषसम्बन्धी व्यवस्थामा पनि परिमार्जन गरेको छ। दफा ३९ मा प्रस्ताव गरिएको संशोधन गर्दै सरकारले गरी विभिन्न प्रकृतिका कोष स्थापना गर्ने प्रस्ताव गरेको छ । यसअन्तर्गत पुनर्मूल्यांकन जगेडा कोष, वित्तीय विकास कोष र विशेष जगेडा कोष रहनेछन्।

वित्तीय क्षेत्रको स्थायित्व, पहुँच अभिवृद्धि र प्रणाली सुदृढीकरणका लागि कुल मौद्रिक दायित्वको पाँच प्रतिशतमा नबढ्ने गरी वित्तीय विकास कोष खडा गरिने व्यवस्थाले वित्तीय साक्षरता र समावेशीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था गरिएको छ।

सबै सरकारसँग समन्वय गर्न अनुमति

विधयकले राष्ट्र बैंकलाई सबै सरकारसँग समन्वय गर्न अनुमतिसमेत दिएको छ । मुलुक संघीय संरचनामा गइसकेको अवस्थामा नेपाल राष्ट्र बैंक ऐनलाई पनि सोहीअनुरुप ढाल्न विभिन्न दफाहरूमा संशोधन गरिएको मन्त्रालयले जनाएको छ।

ऐनमा 'नेपाल सरकार' भन्ने शब्दावलीको सट्टा 'नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह' भन्ने शब्दावलीहरू राखिएका छन्। यसले केन्द्रीय बैंकलाई तीनै तहका सरकारसँग समन्वय गर्न, तथ्यांक संकलन गर्न र वित्तीय सहजीकरण गर्न सहज बनाउने छ। बैंकको नियमनकारी अधिकारलाई पनि विस्तार गरिएको छ । अब राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरू मात्र नभई वित्तीय होल्डिङ कम्पनी र बैंकका सहायक कम्पनीहरूको समेत नियमन र सुपरीवेक्षण गर्न सक्नेछ।

अन्तर्राष्ट्रिय नियमनकारी निकायहरूसँग सम्झौता गरी सूचना आदानप्रदान गर्ने र विदेशस्थित शाखा वा सम्पर्क कार्यालयहरूको सुपरीवेक्षण गर्ने अधिकार पनि ऐनमा स्पष्ट रूपमा उल्लेख गरिएको छ।

के भन्छन् विज्ञ ?

यसअघि विगठित प्रतिनिधिसभामा पनि राष्ट्र बैंक ऐन संशोधन विधेयक पेस गरिएको थियो। यद्यपि विचाराधीन रहेको अवस्थामा संसद् विघटन भएपछि उक्त विधेयक निष्क्रिय बनेको थियो । अब नयाँ संसद्मा फेरि विधेयक पेस हुनेछ।

पूर्वगभर्नर चिरञ्जीवी नेपाल राष्ट्र बैंकको स्वायत्ततालाई फर्काउने, फराकिलो बन्दै गएको दायरा अनुसार अधिकारलाई व्यवस्थापन गर्ने हिसाबले समय सान्दर्भिक रूपमा कानुन संशोधन गर्न आवश्यक भएको भन्दै राष्ट्र बैंक संशोधन पनि सोहीअनुसार आएको बताउँछन्। प्रस्तावित विधेयक संसद्मा विचाराधीन विधेयककै निरन्तरता भएको भन्दै यो आवश्यक रहेको उनको भनाइ छ।

सुन्तलाबाट कृषकलाई मनग्य आम्दानी



❐ काँक्रेबिहार संवाददाता
बाजुरा, ४ फागुन

बाजुराको गौमूल गाउँपालिका-४ की पारू रोकायाले सुन्तला खेतीबाट मनग्य आम्दानी गर्दै आएकी छन्।

२०७४ सालमा उनले गाउँमा सर्घैं अन्नबाली लगाउने सात रोपनी जमिनमा सुन्तला खेती गरेकी थिइन् । २०८० सालदेखि त्यो सुन्तला फल्न सुरुभयो । अहिले त्यसलाई बिक्री गरेर उनले मनग्य आम्दानी गर्न थालेकी छन्।

"गाउँमा धेरै जमिन छ । मैले त्यो जमिनमा राम्रो मेहेनत गरेर अन्नबाली लगाउने गरेकी थिएँ । त्यसबाट मलाई खान समेत पुगेन । त्यसपछि सबै जमिनमा सुन्तला खेती गरेपछि अहिले राम्रो कमाई हुनेगरेको छ" उनले भनिन्।

अन्नबाली लगाउन खान नपुग्ने ठाउँमा अहिले सुन्तला खेतीबाट परिवार पाल्न निकै सहज भएको उनको भनाई छ। उनि सुन्तला बिक्री गरेर छोरा छोरीलाई समेत उच्च शिक्षामा पढाइ रहेकी छन्।

'२०७४ सालमा झन्डै पाँच सात रोपनी जमिनमा सुन्तला खेती गरेकी थिएँ । गाउँमा रहेको पाखो जमिनमा अन्नबाली लगाउँदा उत्पादन राम्रो नभएपछि सबै जमिनमा सुन्तला खेती सुरु गरेकी हुँ' उनले भनिन्।

गत वर्ष गाउँमा सडक नपुगेकाले त्यो सुन्तला समयमै मार्तडी पुगाउन नसकेको उले बताइन्। यतिबेला गाउँमा सडक पुगेपछि अहिले सुन्तला समयमै मार्तडी बजारमा ल्याएर बिक्री गर्न थालेको उनको भनाई छ।

गाउँमा उत्पादन गरेको अर्गानिक सुन्तला भएकाले यतिबेला उनको सुन्तला राम्रोसँग बिक्री हुनेगरेको छ । "गत वर्ष अलि ढिला ल्याएकी थिएँ। तैपनि दुई-चार लाख रुपियाँ कमाइ भएको थियो" उनले थपिन्, "अहिले समयमै सुन्तला बजारमा ल्याएकी छु। यतिबेला सुन्तला बिक्री हुने हो भने त्यसबाट मलाई यो वर्ष पाँचदेखि छ लाख भन्दाबढी रुपियाँ कमाइ हुन्छ।"

हिमाली, स्वामीकार्तिक खापर, जगन्नाथ, बुढीनन्दा, बडीमालिका, गौमूल, त्रिवेणी, बुढीगङ्गा, त्रिवेणी र छेडेदह लगायत पालिकामा राम्रो सुन्तला उत्पादन हुनेगरेको छ। बाजुरामा उत्पादन गरेको सुन्तलालाई बजारीकरण गर्न कृषि ज्ञान केन्द्र बाजुराले सघै ढुवानी अनुदानको व्यवस्था मिलाउँदैआएको कृषि ज्ञान केन्द्र बाजुराका प्रमुख जसिराम साहनीले बताए।

निर्वाचन लागि प्रहरी गस्ती

❐ काँक्रेबिहार संवाददाता
दैलेख, ४ फागुन

आगामि फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा सदस्यको निर्वाचन नजिकिँदै जाँदा दैलेख जिल्लामा निर्वाचनलाई शान्तिपूर्ण रूपमा सम्पन्न गर्न प्रहरीले निर्वाचन लक्षित गस्ती तीव्र पारेको छ । जिल्ला प्रहरी कार्यालय दैलेखका अनुसार जिल्लाका विभिन्न स्थानमा सुरक्षाको अवस्था बुझ्न, नागरिकलाई सुरक्षाको अनुभूति दिलाउन तथा सम्भावित जोखिम न्यूनीकरण गर्न गस्ती सुरु गरिएको हो । कार्यालयका प्रमुख डिएसपी गणेशबहादुर बरालले निर्वाचन नजिकिँदै गर्दा सुरु गरिएको गस्तीमार्फत स्थानीयस्तरमा सूचना संकलन, जनसम्पर्क अभिवृद्धि तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने जानकारी दिनुभयो । उहाँका अनुसार गस्तीमा खटिएको प्रहरी टोलीले विभिन्न स्थानमा पुगेर स्थानीय नागरिकसँग निर्वाचन तथा समसामयिक विषयमा छलफल गर्नेछ। साथै जनमुखी प्रहरी सेवा प्रवाह गर्दै अपराध रोकथाम तथा नियन्त्रणका लागि वस्तुस्थितिको अध्ययन पनि भइरहेको छ।

डिएसपी बरालका अनुसार यस्ता गतिविधिले सर्वसाधारणमा सुरक्षाको अनुभूति बढाउनुका साथै सम्भावित सुरक्षा जोखिमबारे समयमै जानकारी संकलन गरी समाधान बाँकी पृष्ठ ४

चामुण्डाविन्द्रासैनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
जम्बुकाँध, दैलेख
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

१. खरिद गरेको समानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने।
२. नापतौन सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने।
३. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ।
४. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ।
५. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने।
६. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ।
७. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ।
८. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं।
९. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ।
१०. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ।
११. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत यौगशील प्रयोग गर्ने। १६, स्वच्छ पानी र स्वच्छ कच्च्या पदार्थको प्रयोग गर्ने।
१२. ढाँटी भुक्काइ कम गुणस्तरको खाद्य वस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१३. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं।
१४. उद्योग व्यवसाय संञ्चालनका लागि अनिवार्य सरकारी निकायवाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ।
१५. जथाभावी ढुंगा गिट्टि, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगरौं।
१६. बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रुख रोपौ, वन जोगाऔं।
१७. विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं।
१८. खानेपानीका मुहानहरु सदैव सफा राखौ।

वनगाड कुपिण्डे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
देवस्थल, सल्यान
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

१. खरिद गरेको समानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने।
२. नापतौन सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने।
३. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत यौगशील प्रयोग गर्ने। १६, स्वच्छ पानी र स्वच्छ कच्च्या पदार्थको प्रयोग गर्ने।
४. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ।
५. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने।
६. उद्योग व्यवसाय संञ्चालनका लागि अनिवार्य सरकारी निकायवाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ।
८. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ।
९. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ।
१०. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं।
११. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ।
१२. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ।
१३. ढाँटी भुक्काइ कम गुणस्तरको खाद्य वस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१४. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं।
१५. जथाभावी ढुंगा गिट्टि, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगरौं।
१६. बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रुख रोपौ, वन जोगाऔं।
१७. विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं।
१८. खानेपानीका मुहानहरु सदैव सफा राखौ।

बजेट खर्चमा ब्रेक फेल

काँक्रेबिहार संवाददाता
सुर्खेत, ४ फागुन

पहिलो अर्धवार्षिक समीक्षा पार गरिसक्दा पनि कर्णाली प्रदेश सरकारले बजेट कार्यान्वयनमा अपेक्षित प्रगति गर्न सकेको छैन । प्रदेश लेखा नियन्त्रकको कार्यालयले उपलब्ध गराएको माघ मसान्तसम्मको तथ्याङ्कअनुसार हालसम्म १६.१४ प्रतिशत अर्थात् ५ अर्ब ३२ करोड ४० लाख ५६ हजार रुपैयाँ मात्र खर्च भएको छ ।

चालु आर्थिक वर्ष २०८२।०८३ का लागि प्रदेश सरकारले ३२ अर्ब ९९ करोड ६६ लाख ५५ हजार रुपैयाँ बराबरको कुल बजेट ल्याएको थियो। तर सात महिना बितिसक्दा पनि २७ अर्बभन्दा बढी रकम खर्च हुन बाँकी छ ।

पुस मसान्तसम्म अर्थात् अर्धवार्षिक समीक्षा अवधिसम्म सरकारले ४ अर्ब ५३ करोड ३४ लाख ३३ हजार २ सय ८३ रुपैयाँ खर्च गरेको थियो । माघ महिनामा थप २.४ प्रतिशत मात्र खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालयका लेखा अधिकृत ललित थापाले जानकारी दिए ।

विकास बजेट कार्यान्वयन अत्यन्त कमजोर

कर्णालीमा यस वर्ष पुँजीगत विकास बजेट कार्यान्वयनको अवस्था झन् चिन्ताजनक देखिएको छ । सात महिनासम्म कुल बजेटको ९.४४ प्रतिशत अर्थात् १ अर्ब ८८ करोड रुपैयाँ मात्र खर्च भएको छ, जुन पछिल्ला दुई आर्थिक वर्षकै कमजोर प्रगति मानिएको छ । पुस मसान्तसम्म ७.९ प्रतिशत अर्थात् १ अर्ब ५७ करोड रुपैयाँ विकास बजेट खर्च गरेको सरकारले माघ महिनाभर जम्मा १.४४ प्रतिशत अर्थात् करिब ३१ करोड रुपैयाँ मात्र थप खर्च



गर्न सकेको छ ।

चालु आर्थिक वर्षमा पुँजीगततर्फ १९ अर्ब ९८ करोड २७ लाख रुपैयाँ विनियोजन गरिएको छ। तर सात महिनामा २ अर्ब रुपैयाँसमेत खर्च हुन नसक्दा बाँकी पाँच महिनामा कति बजेट कार्यान्वयन हुन्छ भन्ने प्रश्न उठ्न थालेको छ । अर्धवार्षिक समीक्षाका क्रममा मुख्यमन्त्री यामलाल कँडेलले बजेट कार्यान्वयनलाई तीव्र बनाउन मन्त्री, सचिव र कार्यालय प्रमुखहरूलाई निर्देशन दिएका थिए । तर त्यसपछिको प्रगतिले अपेक्षित सुधार देखाउन सकेको छैन ।

आर्थिक मामिला तथा योजना मन्त्रालयका एक कर्मचारीका अनुसार वर्षको सुरुमै जेनजी आन्दोलनका कारण धेरै आयोजनाको ठेक्का समयमै लाग्न सकेन । “त्यसपछि लामो समयसम्म सरकार लयमा फर्कन सकेन,” उनले भने,

चालु खर्च भने बढ्दो

विकास बजेट सुस्त रहँदा चालु प्रशासनिक खर्च भने बढ्दो क्रममा देखिएको छ । माघ मसान्तसम्म चालु खर्च २७.२४ प्रतिशत अर्थात् ३ अर्ब २९ करोड रुपैयाँ पुगेको छ । पुस मसान्तसम्म २३ प्रतिशत रहेको चालु खर्च माघमा बढेर २७ प्रतिशत पुगेको हो । यसले विकास खर्चको तुलनामा प्रशासनिक खर्च बढी हुने प्रवृत्ति दोहोरिएको संकेत गर्छ ।

प्रतिपक्षको आरोप प्रदेश सरकार असफल

प्रमुख प्रतिपक्ष दल नेकपाले बजेट कार्यान्वयनमा प्रदेश सरकार पूर्णतः असफल भएको आरोप लगाएको छ । नेकपा संसदीय दलका प्रमुख सचेतक कृष्णबहादुर जिसीले सरकारले गम्भीर उदासीनता देखाएको टिप्पणी गरे ।

उनका अनुसार विगतका वर्षको तुलनामा यस वर्षको बजेट कार्यान्वयन अवस्था कमजोर छ । आवश्यक ऐन, नियमावली, नीति तथा कार्यविधि समयमै नबन्दा सरकार सञ्चालनमै समस्या आएको उनको तर्क छ । कांग्रेस एमाले नेतृत्वको सरकार प्रभावकारी ढंगले काम गर्न नसकेको उनको आरोप छ ।

नेतृत्वको प्राथमिकतामाथि प्रश्न

यसबीच मुख्यमन्त्री यामलाल कँडेल पछिल्लो समय सरकार सञ्चालनभन्दा पनि पार्टी गतिविधिमा बढी सक्रिय देखिएको भन्दै सरोकारवालाले प्रश्न उठाएका छन् । चुनावी कार्यक्रम र पार्टीगत कार्यक्रममा बढी समय खर्चिँदा प्रशासनिक नेतृत्व कमजोर बनेको टिप्पणी भइरहेको छ ।

समग्रमा, सात महिना बितिसक्दा पनि बजेट कार्यान्वयनको सुस्त गतिले कर्णाली प्रदेश सरकारमाथि दबाब बढाएको छ। विकास बजेट खर्चमा देखिएको कमजोरी सुधार नगरे बाँकी पाँच महिनामा लक्ष्य हासिल गर्न चुनौतीपूर्ण हुने देखिन्छ ।

दाङमा तोरीखेतीको क्षेत्रफल र उत्पादन बढ्दै

काँक्रेबिहार संवाददाता
दाङ, ४ फागुन

यहाँ पछिल्लो समय तोरी उत्पादनमा वृद्धि भएको छ । तोरीखेतीप्रति किसानको आकर्षण बढ्दै गएको हुँदा क्षेत्रफल र उत्पादन बढ्दै गएको हो । दाङको तोरी पहिचानका रूपमा रहेको कृषि ज्ञान केन्द्रका प्रमुख नवराज भण्डारीले बताए । जिल्लाबाट तोरीको तेलको माग अन्यत्र जिल्लामा धेरै रहेको उनको भनाइ छ ।

यहाँको तोरीको माग काठमाडौं, पोखरा, चितवन, नेपालगन्जलगायत जिल्लामा धेरै रहेको उनले बताए । “पहिलेदेखि नै दाङको तोरीको माग बाहिरी जिल्लाबाट धेरै हुने गरेको छ”, प्रमुख भण्डारीले भने । सहज रूपमा बिक्री भएमा किसानको आकर्षण बढ्दै जाने उनको भनाइ छ । “उत्पादन भएको तोरी कुनै पनि किसानलाई बजारको समयस्या नभएकाले पनि किसानको संख्या तथा क्षेत्रफल बढेको हो”, उनले भने ।

राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना कार्यान्वन एकाइ दाङका तोरी जोनअनुसार क्षेत्रफलसँगै उत्पादन वृद्धि भएको हो । आर्थिक वर्ष २०७९-८० मा तोरी जोनअन्तर्गतको क्षेत्रमा एक हजार २०० हेक्टरमा खेती गरिएको थियो । जसमा एक हजार ९३२ मेट्रिक टन तोरी उत्पादन भएको तोरी जोनका प्रास सूर्यज्योति केसीले जानकारी दिनुभयो । आव २०८०-८१ मा एक हजार २०० हेक्टरमा तोरीखेती गरिएकामा दुई हजार चार मेट्रिक टन तोरी उत्पादन भएको थियो । आव २०८१-८२ मा एक हजार २४२ हेक्टरमा तोरीखेती गरिएकामा दुई हजार १२३.८२ मेट्रिक टन उत्पादन भएको हो । आव २०८२-८३ मा एक हजार २७८.०२ हेक्टरमा तोरीखेती गरिएकामा दुई हजार १९८.१९ मेट्रिक टन उत्पादन भएको छ । प्रतिहेक्टर १.७२ उत्पादकत्व रहेको छ । तोरी जोनले किसानलाई प्राविधिक, बीउ तथा प्रविधिमा सहयोग गर्दै आएको परियोजनाका प्रास केसीले बताए । तोरी जोन पश्चिम क्षेत्रको दङ्गीशरण, शान्तिनगर, बबई गाउँपालिका र तुलसीपुर उपमहानगरपालिकाको केही वडामा सञ्चालनमा रहेको छ । तोरीखेती गर्ने किसानले क्षेत्रफलसमेत विस्तार गर्दै गएका छन् ।

किसानले प्रतिक्विन्टल रु १४ हजारमा तोरी बिक्री गरेको बताएका छन् । पश्चिम क्षेत्रमा उन्नत जातका तोरीखेती गर्दै आएको केसीले बताए । किसानलाई तोरी जोनले बीउमा ५० प्रतिशत अनुदान, प्राविधिक सहयोग तथा प्रविधिमासमेत अनुदान दिँदै आएको छ ।

तोरीखेती छिटो उत्पादन लिने बाली भएकाले गहुँ लगाउने किसान पनि तोरीखेतीतर्फ आकर्षित हुन थालेका छन् । जिल्लामा सबैभन्दा बढी शान्तिनगर गाउँपालिका, बबई गाउँपालिका र दङ्गीशरण गाउँपालिकामा तोरीको व्यावसायिक खेती गर्ने किसानको सङ्ख्या धेरै रहेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

निर्वाचन...

गर्न सहज हुने अपेक्षा गरिएको छ । दुई संसदीय निर्वाचन क्षेत्र रहेको दैलेखमा कुल १ लाख ६१ हजार २ सय ४ मतदाता रहेका छन् । जिल्ला निर्वाचन कार्यालय दैलेखका प्रमुख नरबहादुर सलामीका अनुसार निर्वाचन क्षेत्र नम्बर १ मा ७९ हजार ७ सय १ र निर्वाचन क्षेत्र नम्बर २ मा ८१ हजार ५ सय ३ मतदाता कायम गरिएको छ । मतदानस्थलका हिसाबले निर्वाचन क्षेत्र नम्बर १ मा ७३ मतदानस्थलमा १ सय ४ मतदान केन्द्र र निर्वाचन क्षेत्र नम्बर २ मा ६६ मतदानस्थलमा १ सय ४ मतदान केन्द्र रहेका छन् । यसरी जिल्लाभर कुल १ सय ३९ मतदानस्थलमा २ सय ८ मतदान केन्द्र निर्धारण गरिएको मुख्य निर्वाचन अधिकृत तथा जिल्ला न्यायाधीश कुलप्रसाद पाण्डेले जानकारी दिनुभयो । यसैबीच, निर्वाचन सुरक्षाको तयारीसँगै दैलेख सदरमुकाममा चुनावी चहलपहल उल्लेखनीय रूपमा बढेको छ । प्रहरीको सक्रियता र राजनीतिक दलहरूको प्रचार-प्रसार तीव्र बन्दै जाँदा मुख्य व्यापारिक क्षेत्रहरूमा गतिविधि बढ्न थालेको छ । केही महिना अघिसम्म सुनसान देखिने सदरमुकाम अहिले राजनीतिक भेटघाट, रणनीति बैठक र चुनावी कार्यक्रमले व्यस्त बन्दै गएको छ । दैलेख बजारदेखि ग्रामीण क्षेत्रसम्म होटल, रेस्टुरेन्ट, सवारी साधन, माइक तथा साउन्ड सिस्टम, पेट्रोलियम पदार्थ र प्रचार सामग्रीको कारोबारमा वृद्धि भएको व्यवसायीहरूले बताएका छन् । दुई निर्वाचन क्षेत्र रहेको दैलेखमा विभिन्न राजनीतिक दलहरूले चुनावी परिणाम आफ्नो पक्षमा पार्न प्रचार अभियानलाई तीव्र बनाएका छन् । जिल्लामा हाल २१ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा रहेका छन् ।

पेन्सन पट्टा हराएको सूचना !

वीरेन्द्रनगरको बैंकबाट उत्तरगंगा घर फर्किँदै गर्दा मेरो पेन्सन पट्टा ५७५३६५ नम्बरको मिति २०८२ माघ २५ गते हराएकाले भेटाउनुहुने व्यक्तिले नजिकैको प्रहरी कार्यालयमा वा निम्न बमोजिम ठेगानामा बुझाइदिन हुन अनुरोध छ ।

तपसिल:

नाम: नरीदेवी गरंजा
ठेगाना: उत्तरगंगा ८ सुर्खेत
युनिट श्री चण्डीदल गण
ब्याज नम्बर: १५०८८१(द. अम)

श्रीमान स्वर्गीय रामबहादुर गरंजा

सूचना, समचार तथा विज्ञापनको लागि ०८३-५२२१७३ मा सम्पर्क गर्नुहोला ।

कर्णाली प्रदेश सभाले निर्माण गरेका कानूनबारे जनहितमा जारी सन्देश

- कर्णाली प्रदेश सभाद्धारा हालसम्म पारित भएका ऐनहरु वेवसाईट http://pga.karnali.gov.np मा राखिएको छ । ती वेवसाईटमा राखिएका ऐनहरुलाई अध्ययनगरि कार्यान्वयनमा सहयोग गरौं ।
- प्रदेश सभाको नियमित गतिविधि हेर्न 'कर्णाली प्रदेश सभा' यूट्युव च्यानल सव्सक्राईब गरौं ।
- कर्णाली प्रदेश सभाबाट पारित भएका कानूनहरुमा सुझाव दिनु परेको खण्डमा इमेल karnalipradesh@gmail.com मा पठाऔं ।
- प्रदेश सभाको गतिविधी बारे थप सुधार गर्न आवश्यक सुझाव पठाऔं ।
- कर्णाली प्रदेश सभाका चार ओटा समिति, राजनीतिक दलहरुका बारेमा सबै जानकारी वेवसाईटमा छ ।

र, कानून कर्णालीको समृद्धिका लागि हो । कर्णालीको विकासका लागि हो । कानूनबारे अनभिज्ञ छू भन्न नमिल्ने हुँदा कानून बारेमा जानकारी लिन प्रदेश सभाको वेवसाईट नियमित रुपमा हेर्ने वानी बसालौं ।

थप जानकारीका लागि
कर्णाली प्रदेश सभा सचिवालय
कर्णाली प्रदेश, नेपाल
फोन नम्बरः ०८३-५२१५०८, इमेल : karnalipradesh@gmail.com

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
दल्ली, जाजरकोट
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

१. खरिद गरेको समानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
२. नापतौन सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
३. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
४. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
५. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
६. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
७. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
८. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
९. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१०. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
११. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत यौगशील प्रयोग गर्ने । १६, स्वच्छ पानी र स्वच्छ कच्च्या पदार्थको प्रयोग गर्ने ।
१२. ढाँटी भुक्काइ कम गुणस्तरको खाद्य वस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१३. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं ।
१४. उद्योग व्यवसाय संञ्चालनका लागि अनिवार्य सरकारी निकायवाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।
१५. जथाभावी ढुंगा गिट्टि, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगरौं ।
१६. बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रुख रोपौ, वन जोगाऔं ।
१७. विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं ।
१८. खानेपानीका मुहानहरु सदैव सफा राखौ ।

निर्वाचनको समयमा सामाजिक सञ्जाल प्रयोग गर्दा ध्यान दिऔं ।

- गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन हुँदैन ।
- कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टिलिजेन्स एआई) को प्रयोग गरी वा नगरी निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउन, दुष्प्रचार गर्न, द्वेषपूर्ण भाषण (हेट स्पिच) जस्ता भ्रामक टिकाटिप्पणी गर्न वा गराउन हुँदैन ।
- निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने वा अवरोध गर्ने गरी विचार राख्न, प्रचारप्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा पोष्ट, रिपोष्ट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सन गर्न र गराउन हुँदैन ।
- निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने गरी सामाजिक सञ्जालमा झुटा साइट खोल्न वा सञ्चालन गर्न गराउनु हुँदैन ।
- एआईको प्रयोग गरी वा नगरी कुनै दल वा उम्मेदवारविरुद्द कुनैपनि श्रव्य वा श्रव्यदृष्य सामग्री उत्पादन तथा प्रचारप्रसार गर्न गराउन हुँदैन ।
- निर्वाचन आचारसंहिता उल्लङ्घन भएको पाइए तत्काल निर्वाचन आयोग वा विज्ञापन वोर्डमा उजुरी गरौं ।

निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

काँक्रेविहार मिडिया प्रा.लि. द्वारा प्रकाशित, सम्पादक : सुशीलराज शर्मा, कार्यालयः वीरेन्द्रनगर-४, सुर्खेत, फोनः ०८३-५२२१७३/९८५८०५०५०५, web : kankrebihar.com, Email : kankrebihardaily@gmail.com मुद्रणः मिसन अफसेट प्रेस